**गोदावरी नगरपालिकाको प्रथम नगरसभामा प्रस्तुत आर्थिक बर्ष २०७४/०७५ को नीति, कार्यक्रम तथा बजेट**

**उपस्थित जिल्ला समन्वय समितिका संयोजक श्री सूर्य बहादुर थापाज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, नगर उपप्रमुख श्री रत्ना कडायतज्यू, नगर सभाका सम्पुर्ण सदस्यज्यूहरु, स्थानीय विकास अधिकारीज्यू, विषयगत कार्यालयका प्रमुखज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, पुर्व जनप्रतिनिधीज्यूहरु, सुरक्षा निकायका प्रतिनिधिज्यूहरु, विभिन्न संघसंस्थाका प्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारी एवम् पत्रकार मित्रहरू**
........................

- नेपालको संविधान २०७२ जारी भएपछि पहिलो पटक भएको स्थानीय तह निर्वाचनमा यस गोदावरी नगरपालिकाका नगरवासीले हामीलाई विश्वास गरी विजयी गराउनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दै सबैमा हार्दिक आभार व्यक्त गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयनका क्रममा भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित भई निर्वाचित जनप्रतिनिधीहरुको यस गरिमामय नगरसभा समक्ष गोदावरी नगरपालिकाको पहिलो नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेकोछु । प्रस्तुत नीति, कार्यक्रम र वजेटले स्थानीय लोकतन्त्रको सुदृढिकरण, दिगो शान्ति, सुशासनका साथै यस नगर क्षेत्रको विकास र समृद्धिका लागि महत्वपूर्ण योगदान दिनेछ भन्नेमा मैले विश्वास लिएको छु ।
- नेपालको संविधान २०७२ को सफल कार्यान्वयनको खुड्किलोको रुपमा रहेको राज्यको पुनसंरचनाबाट स्थानीय तहको निर्माण गरी निर्वाचन सम्पन्न भई हामी जनप्रतिनिधीहरुलाई स्थानीय तहमा बहाली गराउन अहमं भूमिका खेल्ने प्रमुख राजनीतिक दलहरु, आम मतदाताहरुको ऐतिहासिक, अभूतपूर्व र उत्साहजनक सहभागिताको लागि हार्दिक आभार प्रकट गर्न चाहन्छु । निर्वाचन भव्य र सभ्य तरीकाले सम्पन्न गर्न  राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूदायबाट प्राप्त सहयोग र सद्भावको यो नगरपालिका उच्च मूल्यांकन गर्दछ ।
- राष्ट्रियता, प्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरू, बेपत्ता नागरिक तथा उनीहरुका परिवार, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु । साथै, लोकतान्त्रिक व्यवस्था स्थापनाको लागि विशेष योगदान गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरु पुष्पलाल श्रेष्ठ, विश्वेश्वर प्रसाद कोइराला, मदन भण्डारी, मनमोहन अधिकारी, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायतका नेताहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।
- राष्ट्रियता, मानवअधिकार, लोकतन्त्र, विधिको शासन, सामाजिक न्याय, समृद्धि र विकासका पक्षमा यस गोदावरी  नगरपालिकाको नेतृत्व सधै सर्मपित रहने छ । सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको शुरुआती चरण र नयाँ शासन व्यवस्थाको अभ्यासको महत्वपूर्ण जिम्मेबारी हाम्रो काधमा परेको छ ।  संविधानले राज्यको पुर्नसंरचना गर्दै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सहितको २२ वटा अधिकारहरु स्थानीय तहलाई दिई अधिकार सम्पन्न स्थानीय तह (सरकार) गठनको व्यवस्था गरेको छ । संविधानले अंगिकार गरेका विषयहरु हामी सबैले अनुसरण गरि कार्यान्वयनमा जोड दिनुपर्नेछ । स्वाभिमान र आर्थिक  समृद्धिका लागि जनमुखी शासन व्यवस्था, लोककल्याणकारी राज्य प्रणाली, 'आफ्नो नगर आफै बनाऔं' र सामाजिक सुरक्षा अवधारणा तथा विकास निर्माणमा जनताको सहभागीता एवं जन-लेखापरिक्षण र पारदर्शिता लगायत लोककल्याणकारी राज्यले अपनाउनु पर्ने व्यवस्थाप्रति नगरपालिकाको नेतृत्व सदैब प्रतिबद्ध रहने छ । तीन खम्बे अर्थ निती (निजी क्षेत्र, सहकारी र सरकारी)को अवलम्बन गरि समाजवाद उन्मुख नगर निर्माण हाम्रो मुल लक्ष्य रहनेछ ।

- नागरिकहरु विकासको व्यग्र प्रतिक्षामा छन् । समुन्नत नेपाल सबै नेपालीको एकमात्र सपना भएको छ । देशको विकास हुन गाँउ, टोल, बस्तीको विकास हुन आवश्यक छ । स्थानीय तहको निर्वाचनले संविधानको सफल कार्यान्वयन, संघीयताको कार्यान्वयन र लोकतन्त्रको संस्थागत विकासका साथै आफ्नो क्षेत्रको विकासमा स्थानीय जनताले प्रत्यक्ष सहभागी हुन पाउने अवसर सिर्जना गरेको छ । गोदावरी नगरपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक लगायत समग्र विकासका लागि यसलाई अवसरको रुपमा लिई हामी निर्वाचित प्रतिनिधीको यस प्रथम कार्यकाललाई सफल बनाउनेमा पूर्ण प्रतिवद्ध छौं ।

**उपस्थित नगर सभाका सदस्यहरु, आदरणिय आमन्तित्र महानुभावहरू**

**गोदावरी नगरपालिकाको संक्षिप्त परिचय**

- नेपाली जनताको लामो त्याग र संघर्षपछि पहिलो पटक संविधानसभाद्धारा संविधानको निर्माण भई कार्यान्वयनको क्रममा छ । नेपालको शासन व्यवस्था एकात्मक तथा केन्द्रिकृत पद्धतिबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा रूपान्तरित भएको छ। संविधानको व्यवस्था अनुसार रहेका ७४४ स्थानीय तह मध्ये कैलाली जिल्लामा १ उप-महानगरपालिका, ६ नगरपालिका र ६ गाँउपालिकाको व्यवस्था भएको छ । यी १३ स्थानीय तहहरू मध्ये गोदावरी नगरपालिका एक सुन्दर र प्राकृतिक सुन्दरताले भरिपूर्ण नगरपालिका हो । गोदावरी धाम, ग्वासी समैजी मन्दिर, वनदेवी मन्दिर, शिव मन्दिर, गोलादेउ मन्दिर लगायत थुप्रै धार्मिक मठमन्दिरहरु र लामिताल, वेलाताल, नाइल ताल, भल्का लगायतका धार्मीक एवम् पर्यटकिय महत्वका ताल तलैयाहरुले यसलाई झनै आकर्षक र विविधतायुक्त बनाउनुका साथै थप सम्भावनाहरू प्रदान गरेकोछ ।
- सात (७) नम्वर प्रदेशमा अवस्थित गोदावरी नगरपालिका कैलालि जिल्लाको मध्यपश्चिम भागमा अवस्थित रहेको छ । वि.सं. २०७१ बैशाख २५ गते साविकको वेलादेवीपुर, मालाखेति, श्रीपुर र गेटा गांउ विकास समितिलाई मिलाई अत्तरिया नगरपालिकाको निर्माण गरिएको थियो । राज्य पुर्नसंरचनाको क्रममा २०७३ फाल्गुन २८ गते प्रकाशित राजपत्रका आधारमा साविकको अत्तरिया नगरपालिकामा गोदावरी गांउ विकास समितिलाई समेत मिलाएको र साविक अत्तरिया नगरपालिकाको वार्ड नं. ९, १० र ११ लाई छोडी हालको गोदावरी नगरपालिकाको निर्माण गरिएको हो ।

- गोदावरी एक धार्मिक महत्व बोकेको क्षेत्र मानिन्छ । यो क्षेत्र हिन्दुहरुको विश्वासको आधार रहेको पवित्र नदी गोदावरबाट सिंचित रहेको छ । परापूर्व कालमा हिन्दु धर्मका प्रख्यात ऋषि गौतमले यसै क्षेत्रमा तपस्या गरि ज्ञान आर्जन गरेको साथै द्वापर युगमा भगवान श्रीकृष्ण, भिष्मपितामहः तथा पांच पाण्डव जस्ता तपश्वीहरु समेत यस क्षेत्रको विचरण गरि यसै पवित्र गोदावरी नदीमा स्नान गरि ज्ञान समेत हासिल गरेको विश्वास गरिन्छ। जस्को संझना स्वरुप हरेक वर्ष यस क्षेत्रमा मकर सक्रांतिमा मेला समेत लाग्ने गरेको छ ।

- गोदावरी नगरपालिकाको प्रमुख व्यापारिक केन्द्र अत्तरिया वजार पूर्व पशिचम राजमार्ग र ७ नम्वर प्रदेशको उत्तर दक्षिण भागलाई जोडने भिमदत्त राजमार्गको संगमस्थलमा अवस्थित रहेको छ भने यो नगरपालिका ७ नम्वर प्रदेशको विशेषगरि पहाडी जिल्लाहरुमा जाने स्थल मार्गको द्वारपनि मानिन्छ । चुरे पर्वत श्रृंखलाको काखमा रहेको यो नगरपालिका जिल्ला सदरमुकाम धनगढी बजारवाट १५ कि.मि. उत्तर र नेपाल भारत सिमानाबाट २५ कि.मि उत्तरमा अवस्थित छ । साथै नेपालको पश्चिमी सिमाना गड्डाचौकि र दक्षिणी सिमाना गौरीफन्टा जाने मार्ग समेत यहि नगरपालिकाको केन्द्र अत्तरिया वजार हो, जो गोदावरी नगरपालिकाको प्रमुख सेवा केन्द्रको रुपमा समेत रहेको छ । यस नगरपालिकाको पुर्वमा

गौरीगंगा नगरपालिका, पश्चिममा कंचनपुर जिल्लाको कृष्णपुर नगरपालिका, उत्तरमा चुरे गाउँपालिका र दक्षिणमा धनगढी उपमहानगरपालिका रहेको छ । यसको भौगोलिक अवस्थिती अक्षांस : २८° ८१' उत्तरदेखी २८°९२' उत्तर सम्म देशान्तर : ८०° ५५' पूर्वदेखी ८०°८' पूर्व सम्म तथा क्षेत्रफल : ३०८.६३ वर्ग कि.मि. रहेको छ ।

- प्रशस्त सम्भावना बोकेको यस नगरपालिकाको बृहत्तर विकासका लागि हामी निर्वाचित जनप्रतिनिधी, यस क्षेत्रमा क्रियाशिल राजनैतिक दल, समाजसेवि, बुद्धिजिवी, निजी क्षेत्र लगायत सम्पूर्ण नगरवासिहरुले आ-आफ्नो क्षेत्रबाट पहल गरि राजश्वका स्रोतहरुको पहिचान गरि नगरपालिकाको आन्तरिक आयको वृद्धिमा पहल गर्नु तथा प्राथमिकताका आधारमा प्राप्त बजेटको सहि सदुपयोग गरि समविकासको भावनाले अगाडि बढ्नु आजको आवश्यकता देखिएको छ ।
- अव हामीले यस नगरपालिकालाई "समृद्ध गोदावरी निर्माणको मुल आधार कृषि, पर्यटन र पूर्वाधार" भन्ने मूलनारा र लक्ष्यका साथ अगाडी बढाउन सर्मपित हुन आवश्यक छ ।

**आदरणिय नगर सभाका सदस्यज्यूहरु, प्रमुख अतिथि, अतिति लगायत आमन्त्रित महानुभावहरु,**

संविधानले व्यवस्था गरे अनुरुपका स्थानीय तहहरु लोकतान्त्रिक नेपालका आधारहरु हुन्, सम्वृद्धिको पहिलो खुड्किला हुन् । स्थानीय तहहरु जनताको सबैभन्दा नजिकको सरकार हुन् । स्थानीय निर्वाचन मार्फत नेपालको संविधानको सहि कार्यान्वयनको सिलसिला शुरु भएको छ । नेपालको संविधान २०७२ को सफल कार्यान्वयन संगै सम्वृद्धिका सफल अभ्यासहरुले नेपालीहरुको जीवनमा सुख, शान्ति र आनन्दको बहार आउनेछ भन्नेमा प्रतिवद्ध छु । यस ऐतिहासिक नगरसभा मार्फत खोक्रा आश्वासनले हैन, योजनासम्मत विकास दृष्टिकोणले जनताको मुहारमा हाँसो ल्याउने कुरामा विश्वस्त रहदै गोदावरी नगरपालिकालाई सुविधायुक्त, व्यवस्थित र सम्वृद्ध नगर बनाउने दृढ लक्ष्य लिईएको छ ।

स्वच्छ खानेपानी, ठुला र फराकिला सडक, व्यवस्थित ढल निकास, बसपार्क, पार्क, मनोरन्जनस्थल, व्यवस्थित कृषि वजार, सार्वजनिक तथा व्यक्तिगत शौचालय, सुविधा सम्पन्न अस्पताल, व्यावसायिक केन्द्र तथा सपिङ्ग मल, हरियाली बातावरण, निश्चित खुल्ला क्षेत्र, खेलमैदान, व्यवस्थित आवासीय र प्रशासनिक क्षेत्र तथा कार्यालय, औद्योगिक क्षेत्र, यातायातको सहज पहुँच, खण्डिकृत तत्थ्याङ्क सहितको एकिकृत डाटावेश, पारदर्शी प्रशासन, सेवाग्राहीमैत्री संगठन तथा व्यवस्थापन ढाँचा निर्माण, नविकरणीय उर्जाको प्रयोग, बाताबरण मैत्री शासन, ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री संरचना निर्माण, काममा चुस्त, दूरुस्त र गुणस्तरीयता, सुचना र प्रविधिमा सबैको सहज पहुँच, निजीक्षेत्र संगको असल र सुमधुर सम्बन्ध, शुसासन र भ्रष्टाचार मुक्त समाज निर्माण, लोकतान्त्रिक विधि सहितको शासन पद्धति जस्ता स्मार्ट (Smart) नगरको सुचक सहितको पूर्वाधार तयार गर्नु हाम्रो लागि चुनौतिको विषय हो । यी सबै विषयहरु एकै पटकको प्रयास र योजनाले हुने विषय होइनन् । व्यवस्थित र योजनाबद्ध विकासका लागि एकीकृत शहरी विकास योजना निर्माण गर्नपर्ने भएकोले यसै आर्थिक बर्ष भित्र यस नगरपालिकाको एकीकृत शहरी विकास गुरुयोजना (Integrated Urban Development Masterplan) निर्माण सम्पन्न गरिने छ र यस अन्तर्गत नै रहेर बार्षिक, मध्यकालीन र आवधिक योजना निर्माण गरिने छ । जनताका दैनिक क्रियाकलाप र त्यससंग जोडिने हरेक समस्याको समाधानको पहिलो गन्तव्य स्थानीय तह हुन भन्ने मान्यतालाई आत्मसात गर्दै वास्तविकतामा आधारित भएर समग्र गोदावरी नगरपालिकाका

जनताको आर्थिक, सामाजिक, स्वास्थ्य, शैक्षिक, धार्मिक, सास्कृतिक, राजनीतिक विकासको लागि अग्रगामी सहयात्री बन्ने प्रण गर्दछु ।

हामी संघीयता अनुरुपको स्थानीय तह सरकारको नयाँ संरचना र प्रयोगमा छौं । संविधानले स्वायत्तता सहितको अधिकार स्थानीय तहलाई हस्तान्तरण गरेको बर्तमान अवस्थामा, प्राप्त अधिकारहरुको कुशलतापूर्वक कार्यान्वयन गर्नेगरी तथा निर्वाचनका बेला जनताका सामु व्यक्त प्रतिवद्धतालाई क्रमश कार्यान्वयन गर्दै जानेगरी नगरपालिकाको नीति, कार्यक्रम तथा वजेट निर्माण गर्नुपर्ने बृहद दायित्व र जिम्मेबारीलाई हृदयगंम गर्दै चालु आर्थिक वर्ष २०७४/०७५ को लागि देहाय बमोजिम नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । साथै नीतिलाई नगरपालिकाको मुल नीति र क्षेत्रगत नीति गरी देहाय बमोजिम उल्लेख गरेको छु ।

मुलनीति

१। संविधानले स्थानीय तहमा हस्तान्तरण गरेको स्थानीय तहको अधिकार सूची भित्र रही बार्षिक, मध्यकालिन र दिर्घकालिन योजना बनाई कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ ।
२। आवधिक राष्ट्रिय योजना, बार्षिक वजेटको लक्ष तथा उद्धेश्य र नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेका प्रतिवद्धता समेतलाई मध्यनजर गरी नगरपालिकाको योजना तथा कार्यक्रमहरु तयारगर्ने नीति लिइने छ ।
३। नगरपालिकाको एकीकृत शहरी विकास गुरुयोजना (Integrated Urban Development Masterplan) तयार गरी सोही आधारमा बार्षिक योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।
४। समावेशी र सहभागीतामुलक योजना तर्जुमा पद्धतिको अवलम्बन गर्दै प्राथमिकताप्राप्त योजना तथा क्रियाकलापहरु छनौट र कार्यान्वयन गर्ने नीति लिइनेछ ।
५। सुशासन, पारदर्शीता, जवाफदेहीता र उत्तरदायि शासन प्रणाली तथा भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने नीति लिइनेछ ।
६। लोककल्याणकारी राज्यको अवधारणा बमोजिम सामाजिक, आर्थिक तथा सास्कृतिक रुपमा पछाडी परेका वर्ग तथा समुदाय र ज्येष्ठ नागरिक, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गर्ने नीति लिइनेछ ।
७। स्थानीय श्रोत साधनको पहिचान गरी यसको अधिकतम उपयोग गर्ने नीति लिइने छ ।
८। रोजगारीको अधिकतम अवसर सिर्जना गरी ग्रामिण तथा शहरी जनताको गरिवी न्यूनीकरण गर्ने नीति लिइनेछ ।
९। शासन व्यवस्था साथै योजना कार्यान्वयनमा जनताको अधिकतम सहभागीता गराउने नीति लिइनेछ ।
१०। नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधामा आम जनताको सहज पहुँच पुर्‍याउने नीति लिइने छ ।
११। सरकारी, निजी क्षेत्र, र गैरसरकारी तथा सहकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम उपयोग गर्ने तथा सहकार्य र साझेदारीमा कामगर्ने नीति लिइनेछ ।
१२। नगरपालिकाको आन्तरिक श्रोत बढाई आर्थिक रुपमा आत्मनिर्भर बनाउदै जाने नीति लिइनेछ ।
१३। नगरपालिकाको हितलाई प्राथमिकता दिई आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१४। सूचना तथा संचार प्रविधिको उपयोगलाई सहज र सरल बनाउने नीति लिइनेछ ।

१५। धर्म, संस्कृति र परम्पराका नाममा गरिने भेदभाव, छुवाछुत तथा छाउपडी जस्ता कुरितीहरुलाई पूर्ण रुपमा हटाई भेदभाव र छुवाछुत रहित समाजको निर्माण गरिनेछ ।

## क्षेत्रगत नीति

आदरणीय नगर सभाका सदस्य, प्रमुख अतिथी, अतिथी लगायत सम्पूर्ण उपस्थिती महानुभावहरु,

लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि आम जनतामा विकास निर्माणको चाहना र राज्यबाट गुणस्तरिय सेवा सुविधा पाउने तिब्र आकांक्षा रहेको हामीले महसुस गरेका छौं । तर, तुलनात्मक रुपमा आन्तरिक आय संकलन हुन नसक्दा र राज्यबाट प्राप्तहुने विकास अनुदान बढ्न नसक्दा नगरको विकास निर्माणमा जनताका माग र उपलब्ध श्रोत साधनको क्षमता विच सन्तुलन कायम गर्न कठिनाई हुदै आएको छ । यस नगरपालिका भित्र थुप्रै समस्याहरु र चुनौतिहरु विद्यमान छन् । प्रदेश नं ७ को राजधानीको रुपमा समेत हेरिएको यस नगरपालिका जग्गा अतिक्रमण, सडक अतिक्रमण, अव्यवस्थित बसोबास नदी कटानले बर्षेनी जमीन क्षति हुदै गइरहेको छ । सार्वजनिक जग्गा उपलब्ध हुन नसक्दा नगरपालिकाले अति आवश्यक पूर्वाधारहरु कार्यालय भवन, बसपार्क, फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल साइट, सार्वजनिक पार्कहरु निर्माण गरी नगरलाई व्यवस्थित गर्न सकिरहेको छैन । अव्यवस्थित कच्ची सडक, भूक्षय, नदी कटान, फोहरमैला व्यवस्थापन, अव्यवस्थित बसोबास, सडक अतिक्रमण, अव्यवस्थित ढल निकास, शुद्ध खानेपानी अभाव, गुणस्तरिय शिक्षाको अभाव, गरीवी र वेरोजगारी आदि समस्याबाट हामी पिरोलिएका छौ । नगरको व्यवस्थित र आधुनिक विकासका लागि नगरको समग्र विकासमा अति आवश्यक मानिने र योजना छनौटका लागि आधारको रुपमा लिन सकिने नगरपालिकाको बस्तुगत विवरण (नगर प्रोफाइल), सडक यातायात गुरुयोजना, एकीकृत शहरी विकास गुरुयोजना निर्माण गरी काम गर्नुपर्ने अवस्था छ । गरीबको रेखामुनि रहेका मानिसहरुको जीवन स्तर उकास्न उत्तिकै कठिन छ । शिक्षा, स्वास्थ्य, कृषि, सिचाई, सडक, खानेपानी लगायतका क्षेत्रमा नगरबासीले अपेक्षा गरे अनुसार रकम विनियोजन गर्न सकिएको छैन । विकास निर्माणको काममा नगरपालिका भर्खर बामे सर्दै छ । आन्तरिक श्रोत बृद्धि एवम् व्यवस्थित गरी सबै व्यवसायीहरुलाई करको दायरा भित्र ल्याउनु जरुरी छ । कर तिर्ने बानीको विकास गराउन धेरै कार्य गर्न बाकी छ । तसर्थ यस्ता जल्दावल्दा चुनौतीहरुलाई सकेसम्म संबोधन गर्दै जान सकियोस भनेर राष्ट्रिय योजना आयोग , संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा बजेट सिलिङ्गलाई आधार मानि नीति तथा कार्यक्रम तय गरेको छु । उपलब्ध श्रोत र साधनको मितव्ययिता र औचित्यता समेतलाई ख्याल गरी अधिकतम उपयोग गर्दै नगरवासीहरुलाई प्रत्यक्ष अनुभुति गर्न सक्ने नतिजामुखि कार्यक्रमलाई प्राथमितामा राख्ने व्यवस्था मिलाएको छु । यसै सन्दर्भमा यस नगरपालिकाको योजनावद्ध विकास प्रयासको थालनीका लागि यस नगरसभा मार्फत आ.व ०७४।७५ का लागि तपसिल बमोजिमका क्षेत्रगत नीति तय गरेको छु ।

### १. सुशासन, पारदर्शिता, जवाफदेहीता र गुणस्तरीय सेवा प्रवाह सम्बन्धी नीति

१. भ्रष्टाचारमुक्त राजनीति र प्रशासन एवं जनताप्रति जबाफदेही र उत्तरदायी सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध सुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।

२. नगरपालिका कार्यालय र सबै वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

३. शासन प्रकृयामा जनताको अधिकतम सहभागीता गराउन योजना तर्जुमा र कार्यान्वयनमा अधिकतम जनताको सहभागीता गराउने नीति लिइनेछ ।
४. निर्वाचित प्रतिनिधी र कर्मचारीको लागि आचार संहित निर्माण गरि लागु गरिनेछ ।
५. स्वीकृत नीति, कार्यक्रम तथा योजनाहरु र बैठकका निर्णयहरु पत्रपत्रिका, एफ.एम. रेडियो मार्फत सार्वजनिक गर्ने नीति लिइनेछ ।
६. योजनाहरुको सामाजिक परिक्षण, सार्वजनिक परिक्षण गरेर मात्र भुक्तानी गर्ने नीति लिइनेछ ।
७. चौमासिक तथा बार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्ने नीति लिइनेछ ।
८. सूचकका आधारमा अनुगमन गर्ने गरी नतिजामुलक अनुगमन पद्धतिको विकास गरिनेछ ।
९. सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धी बनाइनेछ ।
१०. नगरपालिकामा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यहरु तथा सेवाको लागि मात्र परामर्श तथा विशेषज्ञ सेवा लिने नीति लिइनेछ ।
११. सुचना र संचारको सन्जाल तथा नेटवर्क मार्फत नगरपालिकाका सुचनाहरुलाई सबैको पहुँचमा पुर्‍याउने नीति लिइनेछ ।
१२. ई-गर्भनेन्स अवधारणा बमोजिम कार्यालयको कामलाई कम्प्यूटराइज्ड प्रणालीमा आवद्ध गरिने छ । साथै सेवा सुविधालाई पारदर्शी, गुणस्तरीय, छिटो छरितो बनाउन कागज रहित (Paper less) कार्यको थालनि गरिने छ ।
१३. उपभोक्ता समितिहरुको लेखा तथा अभिलेख प्रणालीलाई चुस्त दूरुस्त बनाउने नीति लिइनेछ ।
१४. गुनासो सुनुवाईको लागि संयन्त्रको व्यवस्था गर्ने नीति लिइनेछ ।
१५. समय पालना र नियमितततामा जोड दिइनेछ ।
१६. कार्यालयमा नागरिक सहायता कक्षको स्थापना गरिनेछ ।
१७. कार्यालय भित्रको आन्तरिक समन्वय र संचारलाई सुदृढ बनाइनेछ ।
१८. नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा CCTV जडान गरिनेछ ।
१९. नगरबासीले आफ्नो घर आगनबाटै सेवा पाउनुपर्ने अधिकारलाई सुनिश्चित गर्न बडा कार्यालयहरुलाई कार्यमुलक बनाइनेछ ।

**२. जनशक्ती व्यवस्थापन र संस्थागत क्षमता विकास सम्बन्धी नीति**

१. नगरपालिका कार्यालय र बडा कार्यालयको (आफ्नो भवन नभएका वडा कार्यालयहरुको) आफ्नै सुविधा सम्पन्न भवन निर्माण गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र सेवाग्राहीमैत्री बनाइनेछ ।
२. नगर सभाबाट स्वीकृत दरबन्दी अनुसारका पदहरुमा पदपूर्ति समिति मार्फत खुल्ला प्रतिस्पर्धात्मक परिक्षा पद्धतिबाट पदपूर्ति गरिनेछ ।
३. नगरपालिकाको संगठन संरचना र व्यवस्थापन (O&M) का बारेमा अध्ययन गरी नयाँ संगठन संरचना लागु गरिनेछ ।
४. नगरपालिकाका कर्मचारीहरुको लागि कर्मचारी विनियमावली तयार गरी लागु गरिनेछ ।
५. जनप्रतिनिधी र कर्मचारीहरुलाई योजना तर्जुमा, प्रशासन, स्थानीय तह सम्बन्धी कानुन, निर्वाचित प्रतिनिधीहरुको काम कर्तव्य अधिकार लगायतका विषयमा क्षमता विकास गर्न तालिम संचालन गरिनेछ ।

६. नागरिक सचेतना केन्द्रहरुलाई जवाफदेही स्थानीय सरकारका लागि सक्रिय नागरिक समाजका रुपमा स्थापित गर्न क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।
७. सामाजिक परिचालन कार्यलाई थप प्रभावकारी बनाइने छ ।
८. उपभोक्ता समितिहरुको क्षमता विकासमा जोड दिइनेछ ।

**३. तत्थ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी नीति**

१. नगरपालिकाको प्रोफाइललाई अद्यावधिक गरी GIS मा आधारित प्रोफाइल (Municipal Profile) निर्माण गरिनेछ ।
२. नगरपालिका भित्रका प्रत्येक घरधुरीको विस्तृत विवरण संकलन गरी प्रकाशन गरिनेछ ।
३. सामाजिक सुरक्षा भत्ता तथा बाल पोषण भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको लगतलाई अद्यावधिक गरिनेछ ।
४. नगरपालिका भित्र क्रियाशिल सरकारी, गैरसरकारी, वित्तीय, सामाजिक, धार्मिक संस्था, पुरातात्विक सम्पदाहरुको अभिलेख राखिनेछ ।
५. कार्यालयबाट सम्पादित कार्यहरुको अभिलेखलाई कम्प्यूटर प्रणालीमा राख्ने पद्धतिको विकास गरिनेछ ।
६. उपभोक्ता समितिहरुको अभिलेख राखिनेछ ।
७. व्यक्तिगत घटना दर्तालाई कम्प्यूटराइज्ड प्रणालीमा आवद्ध गरिनेछ । साथै सबै वडा कार्यालयबाट अनलाइन सेवा दिने व्यस्था गरिनेछ ।
८. अपाङ्गता भएका व्यक्ति, बालश्रमिक, सडक बालबालिका, हिंसा पिडित महिला, अल्पसंख्यक जाति र द्वन्द्व पिडितको अभिलेख तयार गरिनेछ ।
९. नगरपालिका भित्र रहेका शिक्षित वेरोजगारहरुको तत्थ्याङ्क संकलन गरी आवश्यकता अनुसार उनीहरुको विज्ञतालाई प्रयोग गरिनेछ ।
१०. नगरपालिका भित्रका मजदुरहरुको तत्थ्याङ्क संकलन गरी मजदुर कार्ड वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
११. नगरपालिका भित्रका सुकुम्बासी, मुक्त कमैयाहरुको लगत संकलन गरी उनीहरुलाई परिचयपत्र दिइनेछ ।

**४. भौतिक पूर्वाधार विकास र यातायात (सडक, पुल, ढल निकास, विद्युतीकरण) सम्बन्धी नीति**

१. नगरपालिकाको दीर्घकालिन आवधिक योजना र क्षेत्रगत गुरुयोजना निर्माण गरी सोको आधारमा बार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
२. सहभागीतामुलक योजना तर्जुमा प्रकृयाको माध्यामबाट योजनाहरुको छनौट गरी प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।
३. सडक लगायतका पूर्वाधार विकासमा बातावरणमैत्री नीति अवलम्बन गरिनेछ ।
४. गुणस्तरीय पूर्वाधार विकासमा जोड दिइनेछ ।
५. सडक, ढल निकास, विद्युतीकरण योजनामा जनताको कम्तीमा १० प्रतिशत लागत सहभागीता अनिवार्य गर्ने नीति लिइनेछ ।

६. नगरक्षेत्र भित्रका अतिक्रमण भएका खोला नालाहरुको अतिक्रमण हटाई/रोकी व्यवस्थित ढल निकास गरिनेछ ।

७. नगरपालिका अन्तरगत रहेको सबै प्रकारका सडकहरुको नक्साङ्कन गरीनेछ । साथै राष्ट्रिय मापदण्ड अनुसार सडकको क्षेत्र निर्धारण गरी सबै सडकहरुको क्रमश कालोपत्रे, स्तरीय ग्राभले गरी स्तरोन्नती गरिने छ ।

८. सडक संजालले नछोएका गोदावरी नगरपालिका १२ को कोल्मुडा चौकि देखि चाप सल्ली हुदै नायल जोड्ने सडक निर्माणमा जोड दिईने छ । साथै वडा नं. ४ को हाटखोली फुलबस्ती गोदावरी हुदै पश्चिम मछेली सम्म कृषि सडक निर्माण अघि बढाईनेछ ।

९. नगरपालिका भित्रका सबै वडाहरुलाई समटेने गरी चक्रपथ निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१०. नगरपालिका भित्रका प्रत्येक वडा तथा टोलमा पर्ने खोला, नाला तथा खोल्सामा पुल पुलेसा, झोलुङ्गे पुल निर्माण गरी तथा ह्युमपाइपको व्यवस्था गरी आवागमनलाई सहज बनाइनेछ ।

११. विद्युतीकरण नभएका बस्ती तथा वडामा विद्युत सेवा विस्तारलाई प्राथमिकता दिइनेछ । निजि स्रोतमा ठेक्कामा दिइएको विद्युतलाई शहकारीको माध्यमबाट संचालन गर्ने व्यवस्था गरिनेछ । न्यून भोल्टेज भएको ठाँउ पहिचान गरी ट्रान्सफर्मर जडान गरी लोडसेडिङ्ग मुक्त नगरपालिकाका लागि पहल गरिने छ ।

१२. सार्वजनिक सडक, चोक तथा गल्लीहरुमा सोलार बत्ती जडान गर्ने व्यवस्था मिलाइनेछ ।

१३. मर्मत सम्भार कोष खडा गरी निर्मित पूर्वाधारहरुको नियमित मर्मत सम्भार गरिनेछ ।

१४. सुदुरपश्चिमको प्रवेशद्धारको रुपमा रहेको अत्तरिया बसपार्कलाई नगरपालिका मातहत ल्याई संचालन गर्नुका साथै यसको स्तर सुधार गरिनेछ ।

१५. सडक पेटीमा व्यापार गर्ने कार्य लाई निरुत्साहित गरिनेछ ।

१६. नगरक्षेत्र भित्रका सबै सडकहरुको सडक क्षेत्राधिकार तोकी सो क्षेत्र खुल्ला राख्ने नीति लिईने छ ।

१७. नगरक्षेत्र भित्र न्यूनतम चौडाई भन्दा कम चौडाई भएका सडकको चौडाई विस्तार गरि कम्तीमा २० फिटको सडक रहने नीति लिईएको छ । साथै क्षेत्रिय शहरी विकास आयोजनाबाट निर्माण गरिने नमुना सडकको हकमा सडकको चौडाई कम्तीमा ४५ फिट गरिनेछ ।

१८. सडक छेउछाउमा वृक्षारोपण गरि वातावरण संरक्षण एवम हरित नगरी निर्माणको थालनी गरिनेछ ।

## ५. खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी नीति

१. नगरपालिका भित्रका सबै बस्तीहरुमा स्वच्छ खानेपानी पुर्‍याउने नीति लिइनेछ । साथै खानेपानीको अति अभाव रहेका र सुख्खाग्रस्त क्षेत्रमा खानेपानी पुर्‍याउन पहिलो प्राथमिकता दिइनेछ ।

२. पर्यटकीय स्थल, धार्मिकस्थल, बसपार्क तथा मानिसहरुको बढी आवागमन हुने स्थानहरुमा सुविधासम्पन्न सार्वजनिक सौचालय निर्माण गरीनेछ ।

३. उद्योग बाणिज्य संघ अत्तरिया मार्फत हुदै आएको फोहरमैला व्यवस्थापन कार्यलाई नगरपालिका मातहत ल्याई स्थानीय सामुदायिक संस्था, टोल विकास संस्थासंगको साझेदारीमा फोहरमैलाको उचित व्यवस्थापन गरी नगरलाई पर्यावरण मैत्री, हराभरा, स्वच्छ र सफा नगरको रुपमा विकास गरिनेछ ।

४. नेपाल सरकारको नीति अनुसार सन् २०१७ भित्रै गोदावरी नगरपालिकालाई खुल्ला दिशामुक्त नगरपालिका घोषणा गरिनेछ । यसका लागि अति विपन्न परिबारहरुलाई सौचालय निर्माण गर्न सामग्री तथा आर्थिक सहयोग उपलब्ध गराइनेछ ।
५. आधुनिक र व्यवस्थित ल्याण्डफिल्ड साइट निर्माणका लागि क्षेत्रिय शहरी विकास आयोजनासंग सहकार्य गरिनेछ ।
६. फोहरमैला व्यवस्थापनका लागि फोहर गर्नेबाटै शुल्क लिने (Poluters Pay) नीति लिइनेछ ।

## ६. स्वास्थ्य सम्बन्धी नीति

१. स्वास्थ्य शहर ( Healthy City ) को अवधारणा अनुसार सुचकहरु तयार गरी लागु गरिनेछ ।
२. प्राथमिक स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका स्थानमा शहरी स्वास्थ्य क्लिनिक संचालनमा ल्याइनेछ ।
३. नेपाल सरकार मातहत संचालनमा रहेको मालाखेती अस्पताललाई नगर अस्पतालको रुपमा विकास विकास गरीनेछ । साथै उक्त अस्पतालमा एच.आई.भी. संक्रमितहरु र सर्पदंशका विरामीहरुका लागि उपचार सेवा समेत शुरु गरिनेछ ।
४. स्वास्थ्य चौकि र प्राथमिक स्वास्थ्य केन्द्रबाट दिइने सेवालाई आधुनिक र सेवाग्राहीमैत्री बनाइनेछ । साथै स्वास्थ्य संस्थाहरु कम्तीमा १२ घंटा सुचारु राख्ने प्रवन्ध मिलाइनेछ ।
५. स्वास्थ्य चौकीहरुमा निशुल्क औषधीको वितरणलाई पारदर्शी बनाई औषधीको अभाव हुन नदिने नीति लिइनेछ ।
६. विशेषज्ञ डाक्टर सहितको घुम्ती स्वास्थ्य सेवा संचालन गर्ने नीति लिइनेछ ।
७. मुटु, कलेजो, मृगौला, क्यान्सर जस्ता असाध्य रोगहरुको उपचारमा आर्थिक सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।
८. गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकार सुनिश्चित गर्न स्वास्थ्य विमाका लागि नागरिकहरुलाई प्रेरित गरिनेछ । साथै विमा गर्दा लाग्ने प्रिमियम रकममा एक पटकका लागि ५० प्रतिशत रकम उपलब्ध गराइनेछ ।
९. महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई थप प्रभावकारी बनाउने नीति लिइनेछ । साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवाको योगदानका लागि मासिक यातायात तथा खाजाखर्चको व्यवस्था गरिनेछ ।
१०. बाल तथा मातृ मृत्यु दर घटाउन साथै महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न विशेष कार्यक्रमहरु बनाई लागु गरिनेछ ।
११. किशोर किशोरीहरुका लागि प्रजनन स्वास्थ्य, एच.आई.भी. एड्स सम्बन्धी तालिमहरु संचालन गर्ने नीति लिइनेछ ।
१२. समुदायस्तरमा स्वास्थ्य सम्बन्धी चेतनामुलक तालिमहरु संचालन गरिनेछ ।
१३. गर्भवती जाँच तथा स्वास्थ्य संस्थामा बच्चा जन्माउनेलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१४. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय बालबालिका, असहाय एकल महिला तथा विपन्न परिवारका सदस्यहरुलाई स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन उपचारमा लाग्ने शुल्कमा आर्थिक सहयोग गर्ने नीति लिइनेछ ।

१५. नगरपालिका भित्र सुविधासम्पन्न रक्तसंकलन केन्द्र स्थापनाका लागि नेपाल रेडक्रश सोसाइटी लगायतका संस्थासंग समन्वय गरीनेछ ।

**७. राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धी नीति**

१. राजस्व तथा कर प्रशासन क्षेत्रको सुधारका लागि राजस्व परामर्श समिति गठन गरि सो समितिसंगको परामर्शमा करका दरहरुलाई बैज्ञानिक बनाउने नीति लिइनेछ ।

२. कर तथा राजश्वका सम्बन्धमा अध्ययन गर्न कर सम्भाव्यता अध्ययन गरी करका दरहरुलाई समसायिक र दायरालाई फराकिलो बनाइ सबैलाई करको दायरामा समेटने नीति लिइनेछ ।

३. हालसम्म करको दायरामा नआएका, छुटेका करदाताहरुलाई करको दायरामा ल्याउन एक जना वडाध्यक्षको संयोजकत्वमा एक कर परिचालन समिति बनाई परिचालन गरिनेछ ।

४. नगरपालिकाले हाल उठाउदै आएको एकीकृत सम्पती करको रकममा यसै आर्थिक वर्षदेखि १५ प्रतिशत छुट दिई असुल गरिनेछ । साथै एकीकृत सम्पती करको दायरामा नआएका साविक गोदावरी गाविसका वडाहरुमा पनि एकीकृत सम्पती कर लगाउन प्रक्रिया थालनी गरिनेछ ।

५. गोदावरी नगरपालिका भित्र ऐलानी प्रति जग्गामा बनेका घरहरुको अभिलेख राखी त्यस्ता घरहरुबाट घरकर लिने नीति लिइनेछ ।

६. कर प्रणालीलाई स्वस्छ र पारदर्शी बनाउदै स्वेच्छिक कर बुझाउने परिपाटिको विकास गरिनेछ ।

७. लगानी मैत्री कर नीति अवलम्बन गरिनेछ ।

८. आर्थिक हरहिसाबलाई दोहोरो लेखा प्रणाली अनुरुप यथार्थपरक लेखा व्यवस्थापन गरिनेछ ।

९. नतीजामा आधारित खर्च व्यवस्थापन तथा वजेट पद्दतीको विकास गरिनेछ ।

१०. कर अभियान तथा राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

११. कर राजस्व सम्बन्धि स्पष्ट कानून, नीति, कार्यविधी र संस्थागत संरचना बनाइनेछ ।

१२. सबै करदाताहरुको विवरणलाई डिजिटलाइज्ड गरी अद्यावधिक गरिनेछ ।

१३. सबैभन्दा बढी कर तिर्ने करदाताहरुलाई प्रत्येक वर्ष सम्मान गर्ने नीति लिइनेछ ।

१४. सबै नागरिकलाई वित्तीय क्षेत्रमा पहुँच पुर्‍याउने नीति लिइनेछ ।

१५. आगामी आर्थिक वर्ष देखि नदीजन्य बस्तुहरुको विक्री, निकासीमा स्थानीय तह आफैले ठेक्कापट्टा गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाउन नेपाल सरकारसंग माग गरिनेछ ।

**८. महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिबासी जनजाति तथा अपाङ्गता भएका व्यक्ति र सामाजिक सुरक्षा सम्बन्धी नीति**

१. श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम लक्षित वर्गका लागि वजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने नीति लिइनेछ ।

२. महिलाहरुका लागि स्वरोजगार तथा आयमुलक तालिम संचालन गरी व्यवसाय संचालनका लागि विउपूजी उपलब्ध गराउने नीति लिइनेछ ।

३. हिंसापिडित महिला तथा बालबालिकाहरुको उचित व्यवस्थापन गर्ने नीति लिइनेछ ।
४. बालक्लवहरु गठन गरी तीनको भुमिका लाई प्रभावकारी बनाउने नीति लिइनेछ ।
५. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि बमोजिमका क्रियाकलाप संचालन गरिनेछ ।
६. सामाजिक सुरक्षा भत्तालाई यसै आर्थिक वर्षदेखि सेवाग्राहीको घर तथा बस्तीमा पुगेर वितरण गर्ने व्यवस्था मिलाउन सम्बन्धित वडा कार्यालयहरुलाई जिम्मेबारी दिइनेछ । साथै एकल महिला (विधवा) हरुलाई समेत ज्येष्ठ नागरिक सरह भत्ता उपलब्ध गराउन नेपाल सरकारसंग अनुरोध गरिनेछ ।
७. ८० वर्ष नाघेका ज्येष्ठ नागरिकलाई प्रोत्साहन स्वरुप बार्षिक निश्चित रकम थप गर्ने व्यवस्था मिलाइनेछ ।
८. ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने नीति लिइनेछ । ज्येष्ठ नागरिकको दैनिक जीवनयापनलाई सहज बनाउन ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्रहरु संचालनमा ल्याउने नीति लिइनेछ ।
९. ६० वर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
१०. ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्दै त्यस्तो ज्ञान र सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न कार्यक्रम संचालन गरिनेछ ।
११. लैगिंक समतामूलक नीति, ज्येष्ठ नागरिक संरक्षण नीति, अपांगता सम्वन्धि नीति, बाल अधिकार र संरक्षण नीति बनाइ कार्यान्वयन गरिनेछ ।
१२. आदिबासी, जनजाती, राना थारु, चौधरी थारुहरुको आर्थिक सामाजिक विकासका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
१३. गोदावरी नगरपालिकालाई बालश्रम मुक्त, बाल विवाह निषेधित क्षेत्र घोषणा गरि बाल विवाहमा पुर्ण बन्देज लगाउने नीति बनाइ कार्यान्वयन गरिनेछ ।
१४. दलित तथा पछाडी परेका समुदायलाई विकासको मुलधारमा ल्याउन कार्यक्रम बनाई संचालन गरिनेछ ।

## ९. सूचना तथा संचार नीति

१. नगरभित्र संचालनमा आउने एफ.एम. रेडियो तथा टि.भी. को प्रशारण, संचालन, दर्ता, नविकरण सम्बन्धी आवश्यक नीति बनाई व्यवस्थित गरिनेछ ।
२. नगरपालिकाले संचालन गरेका क्रियाकलाप तथा गतिविधिहरुको छापा तथा रेडियो संचारका माध्यामबाट नियमित रुपमा जनता समक्ष पुर्‍याउने व्यवस्था मिलाइनेछ ।
३. सुचना तथा संचारमा सबै नगरबासीको पहुँच पुर्‍याउन नगरपालिका भित्रका सबै विद्यालय, वडा कार्यालय भवन, सभाभवन, स्वास्थ्य चौकी, हुलाक कार्यालय र सेवाकेन्द्रहरुलाई सुचना प्रविधिमैत्री बनाइनेछ ।
४. नगरपालिकाका सेवा र सुचनाहरु अनलाइन मार्फत प्रवाह गरी सेवा र सुचनामा सबैको पहुच पुर्‍याउने नीति लिइनेछ ।
५. सुचना तथा संचारको क्षेत्रमा क्रियाशिल रेडियो, पत्रपत्रिकाको विकासमा आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

## १०. बन, बातावरण संरक्षण, बैकल्पिक उर्जा, विपद् व्यवस्थापन र नदी नियन्त्रण सम्बन्धी नीति

१. विपद् जोखिम नक्सांकन गरि यसैका आधारमा विपद् जोखिम न्यूनिकरण योजना निर्माण गरिनेछ ।
२. नगरपालिका भित्र बग्ने नदीहरुबाट वर्षेनी रुपमा भैरहेको कटान तथा क्षतिलाई रोक्न नदी नियन्त्रण गुरुयोजना निर्माण गरि सोही आधारमा नदी नियन्त्रण योजना कार्यान्वयन गरिनेछ ।
३. विपद् तथा जोखिममा परेकाको तत्काल राहत र उद्दार गर्नका लागि विपद् राहत तथा उद्दार कोषको स्थापना गरिनेछ ।
४. नीजि वनलाई प्रोत्साहन गर्दै नीजि वन दर्तामा सहुलियत र उत्पादनको सहज विक्रि वितरणका लागि व्यवस्था गरिने नीति बनाइनेछ ।
५. सामुदायिक बनहरुलाई प्रवर्द्धन गरिने नीति लिइनेछ । नयाँ सामुदायिक वन स्थापनाका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ । साथै सामुदायिक बनको बनपैदावारको उत्पादन, प्रशोधन र व्यवसायिकरणको माध्यामबाट सदस्यहरुको आयमुलक क्रियाकलापमा जोड दिइनेछ ।
६. प्लाष्टिक मुक्त गोदावरी अभियान संचालन गरिनेछ । आगामी ५ वर्षमा प्लाष्टिक रहित गोदावरी कार्यान्वयन गर्ने गरी कार्ययोजना निर्माण गरिनेछ ।
७. घरलाई धुँवारहित बनाउने र बाह्य प्रदुषण नियन्त्रणका लागि उद्योग कलकारखानाबाट उत्पादन हुने हानिकारक धुँवा, धुलो र रसायनको उचित व्यवस्थापनका लागि मापदण्ड निर्धारण गरी कार्यान्वयन गरीनेछ ।
८. बैकल्पिक उर्जा प्रयोगका लागि प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ । साथै यस क्षेत्रमा काम गर्ने संस्थाहरुलाई बैकल्पिक उर्जाको क्षेत्रमा लगानीका लागि प्रोत्साहन गरिनेछ ।
९. ताल तलैया, खोला नालामा विष, विद्युतीय यन्त्र प्रयोग गरी माछा मार्न पुर्णत प्रतिवन्ध लगाइनेछ ।
१०. एक घर एक विरुवा तथा खाली, प्रति जग्गाहरुमा बृक्षारोपण गर्ने नीति लिइनेछ ।
११. नदी कटान तथा भुक्षयलाई रोक्न जैविक प्रविधिमा आधारित क्रियाकलापहरुलाई प्रोत्साहन गरिनेछ ।
१२. नगरपालिकाका सबै ताल तलैया, पोखरी र पानीका स्रोतहरूको संरक्षण गर्ने नीति लिइनेछ ।
१३. जलबायु परिवर्तनबाट परेको असरहरुलाई न्यूनीकरण गर्न यस क्षेत्रमा क्रियाशिल संस्थाहरुको सहयोग र समन्वयमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
१४. यस क्षेत्रका वनहरुमा पाईने अमुल्य जडिवुटीको संरक्षण एवम विकास गर्ने नीति लिईनेछ ।
१५. वातावरणमैत्री स्थानीय शासन कार्यविधि बमोजिमका क्रियाकलाप संचालन गरिनेछ ।

## ११. कृषि, सहकारी, सिंचाई र पशुविकास सम्बन्धी नीति

१. भु उपयोग नीति बमोजिम कृषि योग्य जमिनको अधिकतम उपयोग गर्ने र खाद्यान्न बाली, फलफुल, तरकारी, दलहन लगायतका पकेट क्षेत्र निर्धारण कृषि उत्पादन बृद्धि गर्ने नीति लिइनेछ । साथै खेतीयोग्य जमिन बाझो राख्न नपाइने नीति लिइनेछ ।
२. कृषिमा आधुनिकीकरण र व्यावसायिकरणका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
३. कृषकहरुलाई विउ वीजनमा अनुदानको व्यवस्था गरिने नीति लिइनेछ ।
४. भुमिहिन कृषकहरुका लागि च्याउ खेती गर्न प्रोत्साहन गरिनेछ ।
५. कृषि भूमिमा पानी, सिँचाइमा लगानी भन्ने मूल नारा सहित सम्पूर्ण कृषियोग्य भूमिमा आधुनिक सिँचाइ प्रणालीबाट सिचाई सुविधा पुग्ने गरी पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।

६. पुराना सिँचाइ प्रणालीलाई मर्मत संभार तथा पुनर्निर्माण गरी पूर्ण क्षमतामा संचालन गरिने नीति लिइनेछ ।

७. कृषि उपज विक्रिका लागि व्यवस्थित कृषि तथा हाट बजारको स्थापना गर्ने नीति लिइनेछ । अत्तरिया वजार क्षेत्रमा रहेको कृषि थोक वजारलाई नगरपालिका मातहत संचालन गरी सो स्थानमा व्यवस्थित हाट वजार र शीत भण्डार निर्माण गरिनेछ ।

८. प्रांगारिक कृषि खेतीका लागि प्रोत्साहन दिने नीति लिइनेछ । साथै कृषि बाली विमाका लागि कृषकहरुलाई प्रोत्साहन गरी अनुदानका लागि समन्वय गरिनेछछ ।

९. नगरबासीका घरपालुवा पशुधनको तत्थ्याङ्क संकलन गरीनेछ । व्यवसायिक पशुपालका लागि कृषकलाई अनुदान तथा पशुविमा गर्न रकम उपलब्ध गराइनेछ । छाडा चौपाय छाड्ने कार्यलाई निरुत्साहित गर्दै छाडा पशु चौपायलाई सार्वजनिक नीजि साझेदारी अवधारणामा व्यवस्थापन गरिनेछ ।

१०. कृषि तथा भेटनरी प्राविधिकहरूले कृषि फार्म तथा कृषकको खेतबारी र गोठमै पुगेर सेवा दिने प्रबन्ध गरिनेछ ।

११. नगरवासिहरुलाई स्वस्थकर मासुका लागि व्यवस्थित पशु वधशाला निर्माण गर्न जिल्ला पशु सेवा कार्यालय र माशु व्यवसायिहरुसंग सहकार्य गरिनेछ ।

१२. उन्नत जातका पशुपालन, कृतिम गर्भाधान, पशुजन्य उत्पादनको विकास र विस्तारका लागि पशु विकासको वजेट उपयोग गरिनेछ ।

१३. छाडा कुकुर नियन्त्रण एवं रेविज विरुद्ध खोप कार्यक्रम संचालन गरिनेछ ।

१४. कृषकहरुको क्षमता अभिवृद्धिका लागि तालिम, भ्रमण लगायतका कार्यक्रम संचालन गरिनेछ ।

१५. गुणस्तरीय कृषि उपजहरुको उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहित गर्दै मुख्य बालीहरुको न्यूनतम समर्थन मूल्य तोकि विचौलियाहरुलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

१६. कृषियोग्य जमिन चक्लाबन्दी गरी आधुनिक फार्महरूको विकास गर्नका लागि कृषकहरुलाई प्रोत्साहन गर्नका लागि सहुलियत तथा अनुदान उपलब्ध गराइनेछ ।

१७. सहकारी संस्थाहरुको प्रभावकारी नियमन र व्यवस्थापन गरिनेछ । साथै सहकारी नीतिको निर्माण गरी सहकारीहरुलाई उद्यमशीलता र रोजगारी प्रबर्द्धनका लागि साझेदार बनाउने नीति अवलम्वन गरिने छ ।

१८. सहकारीको प्रबर्द्धनबाट वस्तु र सेवाको उत्पादन, वितरण र बजारीकरणलाई व्यवस्थित गरिने छ । टोलटोलमा सहकारी, घरघरमा रोजगारी नारालाई अवलम्वन गरिनेछ । साथै सुपथ मुल्यका सहकारी पसल संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१९. सहकारीहरूले सञ्चालन गर्ने व्यवसाय तथा सीपमुलक कार्यका आधारमा मापदण्ड बनाई अनुदान दिने नीति लिइनेछ ।

२०. कृषि लगायत असंगठित क्षेत्रमा रहेका मजदुरहरुको न्यूनतम पारिश्रमिक तोकि श्रमको सम्मान गर्ने नीति लिइनेछ । साथै समान कामका लागि समान ज्याला नीति लिइनेछ ।

## १२. उद्योग, वाणिज्य, रोजगारी र उद्यमशीलता विकास सम्बन्धी नीति

१. नगरपालिकामा दर्ता हुने घरेलु, मझौला तथा ठुला उद्योगहरुको दर्ता प्रक्रियालाई सरलीकृत गर्दै व्यवसायी अनुकुल वातावरण निर्माण गरिनेछ ।
२. औद्योगिक सुरक्षाका लागि शसस्त्र प्रहरी लगायतका सुरक्षा निकायसंग समन्वय गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
३. बेरोजगार व्यक्तिहरूलाई स्वरोजगारमूलक तालिम दिई व्यवसाय सञ्चालन गर्न प्रेरित गरिनेछ । यसरी तालिम प्राप्त व्यक्तिहरुका लागि व्यवसाय संचालन गर्न वीउपुजी सहयोग गरिनेछ ।
४. बैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक संकलन गरिनेछ । प्रवासमा रहँदा आर्जन गरेको सीपलाइ प्रमाणीकरणको व्यवस्था गरी फर्किएर आएका श्रमिकलाई स्वदेशमै पेशा व्यवसायमा लाग्न प्रेरित गरिनेछ ।
५. उपभोक्ता हित संरक्षण मञ्चको व्यवस्था गरी प्रत्येक पसलमा मुल्य सूचि अनिवार्य राख्न लगाईनेछ ।
६. मुक्त कमैयाहरुको लागि स्वरोजगारमुलक विशेष कार्यक्रम बनाई संचालन गरिनेछ ।

**१३. शिक्षा, खेलकुद र युवा विकास सम्बन्धी नीति**

१. नगर शिक्षा समिति गठन गरी शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिनेछ ।
२. सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यामबाट पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ ।
३. सामुदायिक विद्यालयहरुले विभिन्न नाममा विद्यार्थीबाट शुल्क असुल्ने प्रबृतिलाई पूर्ण रुपमा निरुत्साहित गरी लिएको पाइएमा विद्यालयलाई कारबाही गरिनेछ ।
४. साक्षर गोदावरी अभियान अन्तर्गत आगामी दुई वर्ष भित्र गोदावरी नगरपालिकालाई पूर्ण रुपमा साक्षर बनाइनेछ ।
५. विद्यालय क्षेत्र विकास कार्यक्रम बनाइ लागु गरिनेछ । शैक्षिक पात्रोको निर्माण गरि कार्यान्वयन गरिनेछ । शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था तथा दातृ निकायहरुको सहयोगलाई विद्यालय क्षेत्र विकास कार्यक्रम अनुसार बास्केट फन्ड बनाई परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।
६. शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादन मूल्यांकनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई महत्वपुर्ण आधार बनाउने नीति लिइनेछ ।
७. स्कुल जाने उमेरका सबै बालबालिकाहरु विद्यालय भर्ना गर्न अभिभावकलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
८. स्कुल भर्ना भएर विचैमा छाडने प्रबृतिलाई निरुत्साहित गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
९. विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था मिलाइनेछ । स्वयंसेवक शिक्षकहरुलाई विद्यालयहरुमा परिचालित गरिनेछ । सामाजिक संघसंस्थाहरुले विद्यालयमा अध्यापन गराउनका लागि विदेशी स्वयंसेवकहरुलाई ल्याउने प्रयासलाई प्रोत्साहित गरिनेछ ।
१०. विद्यालयहरुलाई शान्तिक्षेत्र र हडताल निषेधित क्षेत्रको रुपमा विकास गरिनेछ ।
११. कक्षा कोठा र विद्यालयको बातावरणलाई बालमैत्री र सिकाई मैत्री बनाउने नीति लिइनेछ ।
१२. सामुदायिक विद्यालयबाट एस.ई.ई. परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल कम्तीमा ५ जना बालबालिकालाई पुरस्कार सहित सम्मान गरिनेछ ।
१३. शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोगलाई जोड दिने नीति लिइनेछ ।

१४.नगर भित्रका उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षकलाई पुरस्कृत तथा सम्मान गर्ने नीति लिइनेछ ।

१५. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१६. नगरपालिकाका सबै वडाहरुमा कम्तीमा १/१ वटा पुस्तकालय निर्माण गर्ने नीति लिइनेछ । साथै अत्तरियामा रहेको सामुदायिक अध्ययन केन्द्र र प्रतिभा सामुदायिक पुस्तकालयलाई नगरपालिका मातहत ल्याई ई-लाइवेरीको रुपमा विकास गरिनेछ ।

१७. व्यवसायिक तथा प्राविधिक शिक्षा अध्ययनका लागि विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । साथै यस गोदावरी क्षेत्रमा व्यवसायिक तथा प्राविधिक शिक्षा पठनपाठन गर्न प्राविधिक शिक्षालय खोल्न पहल गरिनेछ ।

१८.विद्यालयको नाममा रहेका खाली जग्गाहरु व्यवसायिक कृषि तथा अन्य व्यावसायिक प्रयोजनका लागि उपयोगमा ल्याउने नीति लिइनेछ ।

१९. सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण भई स्नातक तहमा अध्ययन गर्न चाहने विपन्न बालिकाहरुलाई अध्ययन सहजताका लागि विशेष प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२०.कक्षा ८ सम्म अध्ययनरत सीमान्तकृत, आदिबासी, जनजाती, दलित, तथा आर्थिक रुपमा विपन्न परिबारका बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप बार्षिक छात्रवृत्ति प्रदान गर्ने नीति लिइनेछ ।

२१. विद्यार्थीहरूलाई देशको विविध क्षेत्रको आर्थिक, सामाजिक, सास्कृतिक आदि अवस्थाको अनुभव गराउन सम्बन्धित क्षेत्रहरूको अध्ययन अवलोकन भ्रमणलाई प्रोत्साहत गरिने छ ।

२२. मन्टेश्वरी शिक्षा प्रणाली केन्द्रित नमुना वाल विकास केन्द्र प्रत्येक वडामा १/१ वटा स्थापना गरिनेछ ।

२३. खेलकुदको विकासको लागि नगरपालिका स्तरिय फुटबल, भलिवल, क्रिकेट लगायतका प्रतियोगिताको आयोजना गर्ने नीति लिइनेछ । विद्यालयहरुलाई खेलकुदका सामाग्रीहरु प्रदान गर्ने नीति लिइनेछ ।

२४. राष्टिय स्तरका खेलहरु आयोजना गर्न सकिने क्षमताका कभर्ड हलसहितको खेल मैदान सहित अन्य खेलमैदानको निर्माण र स्तरउन्नती गर्ने नीति लिइनेछ ।

२५. जिल्ला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद प्रतियोगितमा भागलिन स्थानीय खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।

२६. खेलकुद क्लबहरुको क्षमता अभिवृद्धिका लागि खेल सामाग्री सहितको सहयोग उपलब्ध गराइनेछ ।

२७. सामुदायिक विकासमा स्थानीय स्तरका टोल विकास समितिहरु र युवा क्लवहरुलाई प्रोत्साहन र प्रवर्द्धन गरिने नीति बनाइने छ ।

## १४. धर्म, संस्कृति, कला संरक्षण र पर्यटन विकास सम्बन्धी नीति

१. नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, सास्कृतिक, ऐतिहासिक, पर्यटकिय सम्पदाको संरक्षण, सम्वर्द्धन, विस्तार र सदुपयोग गर्न नगरपालिका क्षेत्र भित्रका पर्यटकीय महत्वका क्षेत्रको पहिचान गरी अभिलेख राखिने छ । त्यस्ता पर्यटकीय क्षेत्रको विकासका लागि सरोकारवाला सबैसँग समन्वय गरि कार्यान्वय गरिनेछ ।

१. नगरपालिकाभित्र प्रचलनमा रहेका सबै जातजातिको चाडपर्व, भाषा, कला, धर्म, संस्कृतिको संरक्षण सर्म्वद्धन गरिने नीति लिइनेछ ।
२. पर्यटन मन्त्रालयसँग समन्वय गरी नगरका सम्भावित क्षेत्रहरुमा Home stay कार्यक्रम संचालनमा ल्याइनेछ ।
३. यस क्षेत्रको पर्यटकिय तथा धार्मिक सम्भावना बोकेको गोदावरी क्षेत्रको प्रचार प्रसार एवम भौतिक पूर्वाधार विकासमा आवश्यक सहयोग गरिनेछ । साथै गोदावरी क्षेत्रमा व्यवस्थित मसानघाट निर्माणका लागि सहयोग गरिनेछ ।
४. पूर्व पश्चिम राजमार्गको बीचमा अत्तरिया चोकमा रहेको पार्कलाई व्यवस्थित गरी आकर्षक पार्कको रुपमा विकास गरिनेछ ।
५. अत्तरिया बजार नजिकै रहेको लामीतालको संरक्षण र विकासका लागि प्राथमिकताका साथ योजना संचालन गरिनेछ ।
६. नाइलताल, भल्काताल, गोलादेउ लगायतलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

## १५. प्रभावकारी कानुनी व्यवस्था र नागरिकको सुरक्षा सम्बन्धी नीति

१. न्यायिक समिति मार्फत छिटो छरितो र सबैको पहुँचमा पुग्ने गरी न्याय दिनका लागि आवश्यक श्रोत र साधनको व्यवस्था गरिनेछ ।
२. गरिब, असहाय तथा पिछडिएका समुदायका व्यक्तिहरूको न्यायमा सहज पहुँच पुऱ्याउन निःशुल्क कानुनी परामर्श तथा सहयोगको व्यवस्था गरिनेछ ।
३. अनावश्यकरुपमा मुद्दा मामिला गर्ने प्रवृत्तिलाई निरुत्साहन र मेलमिलापको प्रवृत्तिलाई प्रोत्साहन गर्ने नीति लिइने छ । साथै सामुदायिक मेलमिलाप केन्द्रलाई क्रियाशिल बनाईनेछ ।
४. नगरपालिकाको आफ्नो सेवा प्रवाह र विस्तारका लागि आवश्यक पर्ने कानून, ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका तयार गरी लागु गरिनेछ ।
५. नगरपालिकाका मुख्य मुख्य वजार क्षेत्र र संवेदनशील स्थानहरुमा सिसिटिभीबाट सुरक्षा निगरानीको व्यवस्था गरिनेछ ।
६. नगरपालिकाको नीति, निर्णय कार्यान्वयन गरी नगरपालिकामा शान्ति सूव्यवस्था कायम गर्न नगर प्रहरी नियुक्ती गरी प्रभावकारी परिचालन गरिनेछ । नगर प्रहरीहरुबाट सुरक्षाका लागि रात्री गस्ती गराइनेछ ।
७. लागुऔषध, जुवातास नियन्त्रणका साथै शहरी सुरक्षालाई विशेष प्राथमिकता राखी सुरक्षा निकाय सँगको समन्वयमा आवश्यक प्रबन्ध मिलाइनेछ ।
८. नगरपालिका भित्र आवश्यकता अनुसार प्रहरी चौकी स्थापना गर्नुका साथै प्रहरी चौकिको भौतिक सुविधा सम्पन्न गर्दै स्तरोन्नतीको पहल गरिनेछ ।
९. विपद्का घटनाहरुमा घटना भएको २० मिनेटमा पुग्ने गरी नगर प्रहरी तथा दमकल कर्मचारीलाई साधनश्रोत सम्पन्न बनाइनेछ ।
१०. सुरक्षाका लागि टोल टोलमा सुरक्षा अलार्म राख्नका लागि टोल बासीलाई अभिप्रेरित गरिने नीति लिइनेछ ।
११. सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ गर्न अभियानहरु सञ्चालन गरिनेछ ।

## १६. भु उपयोग योजना, नक्सा पास र बस्ती विकास योजना सम्बन्धी नीति

१. नगरपालिकाको भौगोलिक नक्सांकन गरी कृषि योग्य भुमि, बनक्षेत्र, औद्योगिक क्षेत्र, बजार क्षेत्र, नदी, बस्ती क्षेत्र सहितको भू उपयोग नीति निर्माण गरिनेछ ।

२. नगरका मुख्य भागहरुमा आवश्यक पार्किङ्ग सुविधा सहितका सुपरमार्केट, सपिङ्गमल संचालन गर्न प्रोत्साहन गरिनेछ ।

३. अत्तरिया वजार क्षेत्रमा रहेका अव्यवस्थित खोकाछाप्रा, ठेला व्यापारिहरुलाई एकीकृत व्यापार केन्द्रको व्यवस्था गरी व्यवसायको प्रबर्द्धन गरिनेछ ।

४. शहरी विकास मन्त्रालयसँग समन्वय गरी व्यवस्थित बसोबासका लागी मापदण्ड बनाई Land Poling programme संचालनमा ल्याइनेछ ।

५. उर्वर भुमिलाई  खण्डिकृत गरी जग्गा प्लटिङ्ग गर्ने कार्य निरुत्साहित गरिनेछ । नगरपालिकाको सहमती नलिई जग्गा प्लटिङ्ग गरेको पाइएमा कानुन बमोजिम कारबाहीको दायरामा ल्याइनेछ ।

६. राष्ट्रिय भवन संहिता २०६० र भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२ लागु गरी सोही बमोजिम घरनक्सा पास गरिनेछ ।

७. नगरक्षेत्र भित्रको सार्वजनिक जग्गाहरुको अतिक्रमणलाई रोकी उक्त स्थानमा खुल्ला क्षेत्र, खुल्ला मन्च, पार्क, मनोरन्जन स्थल, पिकनिक स्थल निर्माणमा जोड दिइनेछ ।

८. नगरपालिकाद्धारा भवन संहिता तालिम प्रदान गरिएका डकर्मी मिस्त्रीहरुलाई भवन निर्माण कार्यमा अनिवार्य संलग्न गराउने नीति लिईनेछ ।

९. नगरपालिका हुनुपुर्व गाउँ विकास समितिबाट स्वीकृति लिई वा नलिइ बनेका तर भवन निर्माण सम्बन्धी मापदण्ड पुरा नगरेका सम्पूर्ण भवनहरुको अभिलेखीकरण गरी निश्चित मापदण्डका आधारमा कानुन सम्मत बनाउन प्रक्रिया अगाडी बढाइनेछ ।

१०. अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न पहल गरिनेछ । साथै न्यून राजश्व तोकि नाप नक्सा गरी जग्गा धनी पूर्जा वितरण गर्न पहल गरिनेछ ।

११. नापी नक्सा अनुसार सडक भनी उल्लेख भएका सबै बाटाहरुलाई सडकककको रुपमा खोलि सुधार गरिनेछ ।

**आदरणीय नगर सभाका सदस्यज्यूहरु, प्रमुख अतिथि, अतिथि, आमन्त्रित महानुभावहरु,**

मैले चालु आर्थिक वर्ष ०७४/०७५ को नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरुको बारेमा संक्षेपमा समिक्षात्मक विवरण प्रस्तुत गरे । प्रस्तुत नीति तथा कार्यकम र वजेटको विवरण वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकाशित गरिने व्यहोरा अनुरोध गर्दछु । निश्चित सुचक तथा मापदण्डको अभावमा यस बर्ष सबै वडाहरुलाई वडास्तरीय योजनाका लागि समान वजेट उपलब्ध गराइएको र उक्त वजेटबाट सम्बन्धित वडाको वडा भेला तथा बडा समितिबाट योजनाहरु छनौट र प्राथमिकीरण भई स्वीकृतिका लागि पेश भएको छ । वडालाई विनियोजन भएको वजेटमा समावेश हुन नसकेका ठुला प्रकृतिका योजनाहरु बडा समितिबाट नगरस्तरीय योजनामा समावेश गर्न सिफारिश भएकोले त्यस्ता योजनाहरुलाई उपलब्ध श्रोतको आधारमा प्राथमिकताका साथ कार्यान्वयनमा लैजाने व्यहोरा अनुरोध गर्दछु । साथै आगामी आर्थिक वर्षदेखि जनसंख्या, क्षेत्रफल, भुगोल, राजश्व संकलनको अवस्था लगायतका सुचकका आधारमा बढी भन्दा बढी रकम वडामा विनियोजन गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु । श्रोतको सिमितताका कारण समावेश हुन नसकेका ठुला पूर्वाधार योजना, नदी नियन्त्रण, तटबन्ध जस्ता योजनाहरु थप श्रोत जुटाई कार्यान्वयन गर्न पहल गरिनेछ । कुनै पनि योजनाको सफलता सोको सफल कार्यन्वयमा भर पर्ने भएकोले यसका लागि सवै निर्वाचित प्रतिनिधी, राजनैतिक दल, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग  एवम् आम नगरवासीहरुको सयुक्त

प्रयाश आवश्यक छ । नगरसभामा प्रस्तुत नगर विकास योजनाको सफल कार्यन्वयनका लागि सम्वद्व सबै पक्षबाट सकारात्मक एवं रचानात्मक सहयोगको अपेक्षा गर्दछु ।

**आदरणीय नगर सभाका सदज्यूहरु, अब म आर्थिक वर्ष ०७४/०७५ को बजेटको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।**

आर्थिक वर्ष ०७४/०७५ को अनुमानित आय तर्फ आन्तरिक स्रोत (राजश्व बाँडफाँड समेत) रु. ३,४६,५७,०००। (तीन करोड छयालिस लाख सन्ताउन्न हजार), गत वर्षको जिम्मेबारी सरेको रु.१,४८,१४,४८९।० (एक करोड अठचालिस लाख चौध हजार चारसय उनानब्बे), वित्तीय समानिकरण अन्तर्गत निशर्त अनुदान रु. ३७,२५,०९,०००। (सैतीस करोड पच्चीस लाख नौ हजार), सशर्त अनुदान विषयगत कार्यालय (शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा) १७,७३,४६,१६०। (सत्र करोड तिहत्तर लाख छयालिस हजार एक सय साठी) सामाजिक सुरक्षा भत्ता रु. ११,०००००००। (एघार करोड), सडक बोर्ड नेपाल रु. ४०,००,०००। (चालिस लाख), स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रु. २,८०,०००।० (दुइ लाख असी हजार), क्षेत्रीय शहरी विकास आयोजना रु. ४,५०,०००००। (चार करोड पचास लाख) गरी कुल जम्मा रु.७५,८६,५६,६४९।० (पचहत्तर करोड छयासी लाख छपन्न हजार छ सय उन्पचास ) आय हुने अनुमान गरिएको छ ।

त्यसै गरि अब म, खर्चको अनुमान प्रस्तुत गर्दछु । कुल खर्च मध्ये चालु खर्च तर्फ कुल रु.४०,७४, ९४,६६०। - चालिस करोड चौहत्तर लाख चौरानब्बे हजार छ सय साठी), र पुँजीगत खर्च तर्फ रु. ३५,११,११,९८९।० (पैतीस करोड एघार लाख एघार हजार नौ सय उनानब्बे) खर्च हुने अनुमान छ । कुल चालु खर्च मध्ये नगरपालिकाको संचित कोषबाट नगरपालिकाको प्रशासनिक खर्चका लागि रु. ७,४१,९४,५००।०, ( सात करोड एकचालिस लाख चौरानब्बे हजार पाँचसय) कार्यक्रम खर्चका लागि रु. ४,४१,७४,०००।० (चार करोड उनन्तीस लाख चौहत्तर हजार), विषयगत कार्यालयका लागि रु. १७,७६,२६,१६०।० (सत्र करोड छयत्तर लाख छब्बीस हजार एकसय साठी), र सामाजिक सुरक्षा भत्ताका लागि रु ११ ००,००,०००। (एघार करोड), खर्च हुने अनुमान छ । पुजीगत खर्च तर्फ नगरपालिकाको संचित कोषबाट रु. ३०,२१,११,९८९।० (तीस करोड एक्काइस लाख एघार हजार नौ सय उनानब्बे) र आयोजना तथा कार्यक्रमबाट ४,९०,०००००।० (चार करोड नब्बे लाख) खर्च हुने अनुमान गरिएको छ ।

**नगर सभाका सदज्यूहरु,**

अन्तमा यस नगरपालिकाको वजेट तथा कार्यक्रम निर्माण गर्नमा सहयोग पुऱ्याउनु हुने राजनैतिक दलका पदाधिकारीज्यूहरु, वडाअध्यक्ष लगायत वडा समितिका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु र सबै सरकारी, गैर सरकारी एवंम दातृ निकाय, संघसंस्था एवं अन्य सरोकारवाला वुद्धिजिवी, समाजसेवी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अवका दिनहरुमा पनि यसै गरी सहयोगको अपेक्षा गर्दछु । यस नगरको विकासमा पाईलामा पाईला मिलाई संगसंगै हिडिदिनुहुने सवै राजनीतिक दल, विषयगत कार्यालय, संघसंस्थाहरु, नागरिक समाज, कर्मचारी मित्रहरु, उद्योग वाणिज्य संघ लगायत सवै नगरवासीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी व्यस्त समयको बाबजुद उपस्थित भई दिनु भएकोमा प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिज्युहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्युहरु, विभिन्न संघ संस्थाका प्रतिनिधीहरु, बालक्वलवका प्रतिनिधी एवं नागरिक समाजका अगुवाहरु लगायत सम्पुर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु । प्रस्तुत वजेट निति तथा कार्यकमहरुको सफल र प्रभावकारी कार्यान्वयनका लागि निरन्तर सल्लाह, सहयोग, सुझाव तथा मार्गदर्शन प्राप्त हुने अपेक्षा राखेको छु । धन्यवाद । नमस्कार । जय गोदावरी नगरपालिका ।

धन्यवाद !!

हरिसिंह साउद/नगर प्रमुख